मिति २०८३ साल आश्विन २९ गते बसेको नगरकार्यपालिकाको ७० औँ वैठकको प्रस्ताव तथा निर्णयहरु:-

प्रस्तावहरु:-

१) धुनिवेशी नगरपालिका भवन अभिलेखीकरण कार्यविधि-२०८३का सम्बन्धमा ।

२) नगर अस्पतालका लागि करार सेवामा मेडिकल अधिकृतको विज्ञापन गर्ने सम्बन्धमा ।

३) सातौँ तहको ईन्जिनियर पदमा स्थायी नियुक्ति दिने सम्बन्धमा ।

४) तहविहिन पदमा कार्यरत कर्मचारीको स्तरवृद्धि गर्ने सम्बन्धमा ।

५) विविध ।

(क) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४मा संसोधन सम्बन्धमा ।

(ख) सडक वोर्ड नेपालबाट प्रेषित च.नं.२५७ को आ.व.२०८३।०८४ को बजेट स्वीकृति सम्बन्धी पत्रका सम्बन्धमा ।

(ग) ठेक्का नं.३३/Works/NCB/DM/082/083 टापुडाँडा बस्ती संरक्षण सम्बन्धी ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।

(घ) फुटबल खेलको खर्च रकम उपलब्ध गराईदिने सम्बन्धमा ।

(ङ) स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिको सदस्य तोक्ने सम्बन्धमा ।

(च) काज किरिया खर्च रकम उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं.१

बस्ती विकास भवन तथा आर्किटेक्ट उपशाखा मार्फत कार्यविधिको मस्यौदा तयार गरी दफावार छलफलका लागि पेश हुन आएको धुनिवेशी नगरपालिका भवन अभिलेखीकरण कार्यविधि-२०८३ उपर दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएकोले उक्त कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

धुनिवेशी नगरपालिका वडा नं.७ स्थित नौविसे स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ वेड क्षमताको आधारभुत नगर अस्पताल संचालनका लागि पूर्वाधार तयार भैसकेको छ । हाल उक्त स्वास्थ्य चौकीमा मेडिकल अधिकृत जना-१ करार सेवामा कार्यरत रहेको अवस्था छ । मेडिकल अधिकृत १ जनाले मात्र आधारभुत नगर अस्पतालमा डाक्टरी सेवा प्रदान गर्न सम्भव नहुने भएकोले तत्कालका लागि मेडिकल अधिकृत जना-१ को अस्थायी दरवन्दी थप गर्ने र थप भएको दरवन्दीमा सेवा करार सम्झौता बमोजिम कामकाज गर्ने गरी करार सेवामा अधिकृतस्तर आठौँ तहको मेडिकल अधिकृतको पदपूर्तीका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश हेटौडाको प.सं.क.प्र.०८३।०८४, च.नं.४७७ मिति २०८३।०६।०१ को पत्र मार्फत मिति २०८३।०५।३१ देखी जेष्ठता कायम हुने गरी मिति २०८३।०६।०१ को प्रदेश सचिवस्तरको निर्णयानुसार स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समुह, जनरल उपसमुह, अधिकृतस्तर सातौँ तहको ईन्जिनियर पदमा बढुवा नियुक्तिका लागि स्मीता श्रेष्ठलाई सिफारिस गरी पठाएको देखिँदा स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन-२०७९ को दफा १७ (१) को प्रावधान बमोजिम निजलाई बढुवा नियुक्ति दिई पूर्वाधार विकास शाखाको रिक्त ईन्जिनियर पदमा कामकाज गर्ने गरी प्रदस्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.४

साविक नौविसे आदर्श गा.वि.स.को कार्यालयमा प्रशासन सेवा, सहायकस्तर प्रथम तहको पियन पदमा मिति २०६४।०३।०१ देखी लागू हुने गरी स्थायी नियुक्ति पाई समायोजन ऐन-२०७५ बमोजिम नगरपालिकामा समायोजन हुनु भई हाल ६ नं. वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत रही रहनु भएका कार्यालय सहयोगी सफल कुँवरको सेवा अवधि १९ वर्ष पुरा भई २० वर्ष लागेको र हाल सम्म निजको स्तर वृद्धि नभएको, कर्तव्यनिष्ठ भई सेवा प्रवाह गरेको, हालसम्म विभागिय सजाय नपाएको, गयलकट्टीमा नपरेको देखिँदा सेवा अवधिका आधारमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन-२०७९ को दफा ४ को उपदफा ६, दफा ११३ र दफा १५८ (१) को भावना, मर्म र प्रावधान बमोजिम सहायकस्तर प्रथमबाट सहायकस्तर चतुर्थ तहको कार्यालय सहयोगी पदमा स्तरवृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं.५ (विविध-क)

स्थानीय तहको उपभोक्ता समिति गठन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि-२०७४ मा तपसिल बमोजिम संसोधनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः-

साविकको व्यवस्था	संसोधन गरि थप गर्नु पर्ने व्यहोरा	निर्णय हुनु पर्ने व्यहोरा
१. स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०७४ को परिच्छेद (२) मा उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्था (१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ । (क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यिय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।	स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०७४ को परिच्छेद (२) मा उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्था (१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ । (क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यिय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । "यसरी	स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०७४ को परिच्छेद (२) मा उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्था (१) उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ । (क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यिय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । भन्ने व्यवस्था भएकोमा "यसरी गठन

	गठन गरिएको उपभोक्ता समिति नियमानुसार दर्ता गर्नु पर्ने छ।"	गरिएको उपभोक्ता समिति नियमानुसार दर्ता गर्नु पर्ने छ।" भन्ने प्रावधान थप गरि कार्य विधि संसोधन गर्ने निर्णय गरियो ।
२.	दफा ७ को उपदफा ३ पछि देहायको उपदफा ४ थप गर्ने ।"उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना जुन आ.व.को लागि सम्झौता गरिएको हो सोही आ.व.मा काम सम्पन्न गरि सक्नु पर्नेछ ।काम सम्पन्न हुन नसकेमा वा समितिले सम्झौता गरि काम शुरु नगरेमा अर्को आ.व.मा काम सम्पन्न हुने गरि म्याद थप गरिने छैन तर चालू आ.व मा सम्झौतामा तोकिएको म्यादभित्र काम सम्पन्न हुन नसकी समितिले कारण खुलाई म्याद थपको लागि निवेदन दिएमा योजना सम्झौता गर्ने अधिकारीले चालू आ.व को लागि मात्र म्याद थप गर्न सक्नेछ।	दफा ७ को उपदफा ३ पछि देहायको उपदफा ४ थप गर्ने ।"उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना जुन आ.व.को लागि सम्झौता गरिएको हो सोही आ.व.मा काम सम्पन्न गरि सक्नु पर्नेछ ।काम सम्पन्न हुन नसकेमा वा समितिले सम्झौता गरि काम शुरु नगरेमा अर्को आ.व.मा काम सम्पन्न हुने गरि म्याद थप गरिने छैन तर चालू आ.व मा सम्झौतामा तोकिएको म्यादभित्र काम सम्पन्न हुन नसकी समितिले कारण खुलाई म्याद थपको लागि निवेदन दिएमा योजना सम्झौता गर्ने अधिकारीले चालू आ.व को लागि मात्र म्याद थप गर्न सक्नेछ।

निर्णय नं.५ (विविध-ख)

सडक वोर्ड नेपाल, मिनभवनबाट प्रेषित च.नं.२५७ मिति २०८३।०६।१९ को पत्रानुसार यस नगरपालिकाको लागि आ.व.२०८३।०८४ मा स्थानीय सडक मर्मत सम्भार शिर्षकमा सडक वोर्ड नेपालबाट विनियोजित बजेट रकम रु.४५ लाख र सडक वोर्ड नियमावली २०६० को नियम ९ (१) (ख) को प्रावधान बमोजिम नगरपालिकाले हिस्सेदारी गर्नुपर्ने रकम समेतबाट खर्च रकम भुक्तानी हुने गरी गणेशमार्ग-पारथोक-खतथोक-काफलचौर सडक स्तरोन्नती योजना छनौट गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.५ (विविध-ग)

आ.व.२०८२।०८३को वार्षिक स्वीकृत कार्यक्रम अनुसार टापुडाँडा वस्ती संरक्षण वडा नं.-८, लप्सेडाँडा पहिरो संरक्षण वडा नं.७ र भ्याप्लेखोला पहिरो नियन्त्रण वडा नं.९ को लागि ठेक्का लगाएकोमा उक्त आ.व.मा ठेक्का अनुसारको कार्य सम्पन्न हुन नसकेको देखिँदा चालु आ.व.को आषाढ मसान्त सम्ममा बाँकी कार्य सम्पन्न गर्ने गरी ठेक्का नं.३३/Works/NCB/DM/2082/083 को म्याद थप गर्ने र थप गरिएको म्याद भित्र बाँकी कार्य सम्पन्न गराई स्वीकृत बजेट सिमा भित्र रही कार्य सम्पन्न प्रतिवेदन र योजना सम्बन्धी विलका आधारमा ठेक्काको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.५ (विविध-घ)

नौविसे यूवा समुह, धुनिवेशी नगरपालिका वडा नं.६, धादिङले धुनिवेशी नगरपालिका वडा नं.५ स्थित धुनिवेशी खेलमैदानमा मिति २०८३।०६।२६ देखी ऐ.३० गते सम्म धुनिवेशी नगरपालिका वडा स्तरीय फुटबल प्रतियोगिता संचालन गर्न लागेको व्यहोरा उल्लेख गरी खेलकुद प्रतियोगिता सम्पन्न गर्नका लागि आवश्यक खर्च रकम उपलब्ध गराई पाउँ भनि प्रस्ताव पेश गरेको देखिँदा नगरपालिका र उक्त

यूवा समुहको साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी जम्मा खर्च रकमको आधा रकम वा बढीमा रु.५ लाख रुपैयाँसम्म नगरपालिकाले खर्च व्यहोर्ने गरी तोकिएको मिति, समय र स्थानमा वडास्तरीय फुटबल प्रतियोगिता सम्पन्न गराई नगरपालिकाले व्यहोर्ने हिस्सा उक्त यूवा समुहलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.५ (विविध-ङ)

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा लगाएतका कार्यमा सहयोग र सहजीकरण गर्न गठित स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समितिमा कार्यपालिका सदस्यहरुमध्येबाट कृष्ण भुजेल र सरीता शाही ठकुरीलाई सदस्य तोक्ने निर्णय गरियो ।

निर्णय नं.५ (विविध-च)

धुनिवेशी नगरपालिका वडा नं.९ निवासी जुनु राईले पति सन्तोष राईको उपचारका क्रममा कम्बोडियामा दुःखद् निधन भएको, मृतक पतिको पार्थिव शरिर कम्बोडियाबाट नेपाल ल्याउन निकै कठिन परिस्थिति सिर्जना भएको, पारिवारिक आर्थिक अवस्था नाजुक भएकोले खर्च रकम व्यवस्थापन गर्न नसकिएको, आफन्त ईष्टमित्र र शुभेच्छुक तथा सहयोगीमनहरुबाट संकलन भएको रकमले मात्र खर्च रकम व्यहोर्न तथा व्यवस्थान गर्न कठिनाई भएको व्यहोरा उल्लेख गरी पारिवारिक अवस्था र मानवीय संवेदनशिलतालाई मध्यनजर गर्दै नगरपालिकाबाट उपलब्ध हुन सक्ने रकम नगरपालिकाबाट आर्थिक सहायता स्वरुप उपलब्ध गराई अपुग रकम व्यवस्थापनका लागि समेत सहयोग गरीदिनुहुन भनि निवेदन पेश गर्नुभएकोमा उक्त निवेदन विचाराधिन रहेको अवस्थामा मृतक सन्तोष राईको पार्थिव शरिर नेपाल ल्याईसकेको देखिँदा मृतक सन्तोष राईको परिवारलाई किरिया खर्चका रुपमा आर्थिक सहायता स्वरुप २ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।